मिति २०७७/०७/२३ गतेका दिन दिउसो १:०० बजे पाँचखाल नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा वसेको कार्यपालिकाको ७३ औ वैठकले देहायका विषयहरुमा छलफल गरी निर्णय पारित गर्‍यो।

उपस्थितिः

| क्र.सं. | नामथर | पद | दस्तंखत |
|---|---|---|---|
| १ | महेश खरेल | नगर प्रमुख/अध्यक्षता | |
| २ | लक्ष्मी दनुवार | सदस्य | |
| ३ | अष्ट बहादुर तामाङ | सदस्य | |
| ४ | हरिराम खतिवडा | सदस्य | |
| ५ | सुन्दर अधिकारी | सदस्य | |
| ६ | सुन्दर तामाङ | सदस्य | |
| ७ | बालकृष्ण सापकोटा | सदस्य | |
| ८ | रामशरण दुलाल | सदस्य | |
| ९ | पुस्कर ढकाल | सदस्य | |
| १० | सञ्जय तामाङ | सदस्य | |
| ११ | किरण श्रेष्ठ | सदस्य | |
| १२ | नारायण प्रसाद सापकोटा | सदस्य | |
| १३ | शिवशरण लामा | सदस्य | |
| १४ | गोपाल वहादुर दनुवार | सदस्य | |
| १५ | शुकुविर तामाङ | सदस्य | |
| १६ | इन्दिरा मिजार | सदस्य | |
| १७ | जमुना वि.क. | सदस्य | |
| १८ | कान्छी दमाइ | सदस्य | |
| १९ | सुभद्रा रोक्का | सदस्य | |
| २० | माइली दनुवार | सदस्य | |
| २१ | सृजना परियार | सदस्य | |
| २२ | शत्रुधन दनुवार | सदस्य | |
| २३ | शिव प्रसाद हुमेगाँई | सदस्य- सचिव | |

२४. राजेन्द्रा मैनाली [illegible]

वैठक संख्याः ७३

मितिः २०७७/०७/१२ गते

<u>नगर कार्यपालिकाको वैठकका निर्णय</u>

१. नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि सशर्त तर्फ प्राप्त बजेटलाई वडाबाट पठाईएका अधिकतम ३ लाखमा नबढ्ने गरी योजनाहरु सञ्चालन गर्ने र बाँकी रकमबाट नगरपालिका कार्यालयले योजना छनौट गरी सञ्चालन गर्ने निर्णय गरियो ।

२. पाँचखाल नगरपालिकाको सवारी साधन सञ्चालन कार्यविधि २०७७ को मस्यौदा परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

३. कोभिड-१९ का सन्दर्भमा नेपाल सरकारले जारी गरेका स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई CTEVT लगायतका तालिम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

४. वडा नं. ७ को हाई हिमालयन मल्टी पर्पोज कम्पनी प्रा.लि. सञ्चालनका विषयमा वडा कार्यालबाट प्राप्त सर्जमिनका आधारमा उक्त कम्पनी खारेजी नभएको अबधिको राजश्व असुली गर्ने निर्णय गरियो ।

५. COVID-19 को पिसिआर परिक्षण एवं आईसोलेसनमा लाग्ने खर्च नेपाल सरकार एवं प्रदेश सरकारबाट प्राप्त हुने स्रोतबाट खर्च गर्ने र त्यसरी प्राप्त हुन नसकेमा नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च गर्ने निर्णय गरियो ।

६. स्वास्थ्य प्राविधिक कर्मचारी नियुक्ति सम्बन्धमा छलफल हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/०५/०२३ को पत्र बमोजिम ५ बेडको अस्पताल सञ्चालन गर्नका लागि प्राप्त भएको बजेटलाई हाल काम गरिरहेका करारका कर्मचारीको तलब भत्ता लगायतका कोभिड सम्बन्धित विषयमा खर्च गर्ने निर्णय गरियो ।

७. नेपाल जेसुईत सामाजिक संस्थाले वडा नं. ३ काफ्लेडीमा डीप बोरिङका लागि अनुमति मागेकोमा यो लगायत सबै प्रकारका डिप बोरिङका लागि स्थानीयवासीको भेलाले निर्णय गरी वडा कार्यालयको सिफारिस लिई अनुमति प्रदान गर्न कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

८. नेपाल सरकारको अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १० (६) बमोजिम स्थानीय समितिमा पाँचखाल नगरकार्यपालिकाको आर्थिक विकास समितिका संयोजक बालकृष्ण सापकोटा र वडा नं ४ का वडाध्यक्ष श्री सुन्दर तामाङलाई आमन्त्रित सदस्यका रुपमा जिम्मेवारी दिने निर्णय गरियो । यस विषयमा अन्य निर्णयहरु गर्ने पूर्ण अधिकार स्थानीय समितिलाई दिने निर्णय गरियो ।

९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका सन्दर्भमा सबै वडा कार्यालयलाई समेट्ने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

१०. यस पाँचखाल नगरपालिका वडा नं. ३ को वडा कार्यालयको सिफारिस बमोजिम साविक पाँचखाल गा वि स वडा नं ५ को रामपुरमा पिपल्स क्याम्पसको नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं ११९३(क्षेत्रफल १५-२-१-२), पर्ति जग्गा १११५(क्षेत्रफल ३०-१२-१-०)र १११६(क्षेत्रफल ९-७-१-०)को गौचरण जग्गाको स्वामित्व यस पाँचखाल नगरपालिका कार्यालयको नाममा हस्तान्तरणको प्रकृया अगाडि बढाउनको लागि जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा पत्राचार गर्ने निर्णय गरियो ।

११. साविक गा.वि.सहरुबाट भवन निर्माण सम्बन्धी प्रकृया पुरा गरी वा नगरी भएका निजी भवन एवं संरचनाहरुलाई निर्माण सम्पन्न दिने/नदिने सम्बन्धमा गठित समितिले पेश गरेको प्रतिवेदनमा खुल्न बाँकी भएका मापदण्ड

लगायतका विषयहरु खुलाई आगामी कार्यपालिकाको बैठकमा सिफारिस पेश गर्न पुनः उक्त समितिलाई नै जिम्मेवारी दिने निर्णय गरियो ।

१२. यस पाँचखाल नगरकार्यपालिकाबाट सञ्चालित टेन्डर मार्फत सञ्चालित योजनाको समेत विल भुक्तानीका लागि वडा कार्यालयको लिखित सिफारिस अनिवार्य गर्ने निर्णय गरियो ।

१३. नगरका सुनचाँदी व्यवसायी, हार्डवेयर लगायत बढी रकम कारोवार गर्ने ठूला व्यवसायीले अनिवार्य रुपमा आफ्नो पसल कारखाना गोदाम एवं उद्योगमा सि सि क्यामारा राख्न अनिवार्य गर्ने निर्णय गरियो ।

१४. एभरेष्ट बैंक लगायतका बैंकहरुसँग पाँचखाल नगरपालिकाका किसानहरुले सहुलियतपूर्ण रुपमा ऋण उपलब्ध गराउने विषयमा किसानहरुलाई आवश्यक प्रशासनिक सहयोग गर्नका लागि सहायता कक्ष राख्ने निर्णय गरियो ।

१५. नगरमा सञ्चालित ईटा भट्टाहरुले तिर्नुपर्ने गत आर्थिक बर्षको राजश्व अनिवार्य रुपमा बुझाई नेपाल सरकार प्रदेश सरकार एवं पाँचखाल नगरपालिकाको वातावरण ऐन नियमावली र मापदण्ड वमोजिम यस अघिको सहमतिपत्र अनुसार काम गरी वातावरणमैत्री रुपमा सञ्चालित गर्ने भन्ने प्रतिवद्दता कार्यान्वयनको सुनिश्चित तथा स्थानीयबासीबाट सर्जमिन गरी नेपाल सरकारले कोभिड १९ का सन्दर्भमा जारी गरेका स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई ईटा भट्टाका कामदारहरु स्थानीय वजार एवं समुदायसँग आईसोलेसनमा रहने सुनिश्चित गरेको विषयमा स्थानीयबासीको भेलाको सहमतिको निर्णय सहित वडा कार्यलयको सिफारिसमा नगरपालिका कार्यालयबाट सञ्चालन अनुमतिपत्र लिएर मात्र सञ्चालन गर्न दिने निर्णय गरियो ।

१६. प्रतिष्ठा सहकारीको लागि कृषि उपज संकलन केन्द्र निर्माणका लागि जग्गाका सम्बन्धमा वडा नं ३ को वडा कार्यालयले जग्गा एवं सहकारी वजार विकास कार्यक्रमबाट सहयोग भई निर्माण हुने संरचनाको स्वामित्व तथा भोगाधिकार आदिका विषयमा थप स्पष्ट पारी नगरपालिका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

१७. पाँचखाल नगरपालिकाको आर्थिक बर्ष २०७६/७७ को स्वीकृत बार्षिक नीति बजेट तथा कार्यक्रम कार्यान्वयका क्रममा गत वर्षको भुक्तानी हुन बाँकी रहेका योजनाको भुक्तानीलाई प्राथमिकताका साथ भुक्तानी गर्दै चालु आर्थिक बर्ष २०७७/७८ को स्वीकृत बार्षिक नीति बजेट तथा कार्यक्रम कार्यान्वयमा जाने निर्णय गरियो । चालु आर्थिक बर्षको अनुमानित आयको प्रक्षेपण भन्दा कम स्रोत प्राप्त हुने देखिएको सन्दर्भमा सबै योजना कार्यक्रममा अनुगमन समितिको सिफारिस अनिवार्य गरी क्रमशः गत आर्थिक बर्षको भुक्तानी, टेन्डर मार्फत सञ्चालित योजनाको भुक्तानी, कार्यालय सञ्चालन खर्च दशैं अगाडी गरिएको बाटो सरसफाईको खर्च एवं उपभोक्ता समिति मार्फत गरिने योजना लगायत समग्र खर्च अनुमान गर्ने र समग्र आय अनुमान गरी स्वीकृत योजना तथा कार्यक्रम मध्येबाट गरिने प्राथमिकताका योजना तथा कार्यक्रम जस्ता विषयमा आगामी कार्यपालिका बैठकमा सिफारिस गर्न देहाय बमोजिमको समिति निर्माण गर्ने निर्णय गरियो ।

श्री शिव प्रसाद हुमेगाईं- प्रमुख प्रशासकीय अधिकृत- संयोजक
श्री हरीराम खतिवडा- अध्यक्ष वडा नं ३ - सदस्य
श्री पुष्कर ढकाल- अध्यक्ष वडा नं ७- सदस्य
श्री सञ्जय तामाङ- अध्यक्ष वडा नं ८- सदस्य
श्री कपिलदेव भट्ट- ईन्जिनियर- सदस्य
श्री मिलन कार्की- सहलेखापाल- सदस्य
श्री राजेश बन्जारा- शाखा अधिकृत- सदस्य सचिव

१८. वडा नं १२ को हिम पाईप खरिद विल भुक्तानी सम्बन्धमा गत आर्थिक बर्ष सम्पन्न भई भुक्तानी बाँकी रहेका योजना/कार्यक्रमको भुक्तानी सम्पन्न भए पश्चात स्रोत सुनिश्चित गरी अनुगमन समितिको प्रतिवेदन लिई भुक्तानी गर्ने निर्णय गरियो ।

१९. यस पाँचखाल नगरपालिका तथा यस नगरपालिकाको सम्पूर्ण वडा कार्यालयहरुको तर्फबाट कोही कसै उपर मुद्दा मामिला गर्न र यस नगरपालिका तथा यसका सम्पूर्ण वडा कार्यालयहरुको विरुद्धमा कोही कसैबाट दायर भएका मुद्धा मामिलाहरुमा सम्मानित सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत लगायत अन्य न्यायिक र अर्ध न्यायिक निकायमा दायर भएका मुद्धा मामिलाहरुमा नगरपालिका र वडा कार्यालयहरुको तर्फबाट आफैं उपस्थित भई वा कानून बमोजिम वारिस नियुक्त गरी निवेदनपत्र, प्रतिउत्तरपत्र/लिखित जवाफ दायर गर्न, तारेखमा रही मुद्दाको पुर्पक्ष गर्न तथा मुद्धा मामिला सम्बन्धी सम्पूर्ण काम गर्न यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२०. पाँचखाल न.पा.वडा नं. ९ बस्ने वर्ष ८२ को विष्णु माया थापा मगरले सम्मानित उच्च अदालत पाटनमा पाँचखाल नगरपालिका कार्यालय, ऐ.को कार्यालय प्रमुख (मेयर) र ऐ.को वडा नं.९ को वडाध्यक्ष समेतलाई प्रत्यर्थी बनाई अन्तरिम आदेश सहित निषेधाज्ञा लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भनी दायर गरेको रिट निवेदन (रिट नं ०७७-WO-०२५९) मा यस नगरपालिकाको कार्यालय, ऐ.को कार्यालय प्रमुख (मेयर) र ऐ.को वडा नं.९ का वडाध्यक्षसमेतको तर्फबाट लिखित जवाफ पेश गरी तारेखमा रही मुद्दाको पुर्पक्ष गर्नको लागि वारेस समेत नियुक्त गर्न सक्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२१. सामुदायिक सारथी संस्था काठमाडौंले स्थानीय जवाफदेहिता र पारदर्शीता पहल परियोजना सञ्चालन अनुमति मागेकोमा कार्यक्रम प्रगति एवं सम्पन्न प्रतिवेदन पेश गर्ने गरी सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

२२. यस पाँचखाल नगरपालिकामा कार्यक्रम सञ्चालन गर्न कुनै गैरसरकारी संस्थाले अनुमति माग गरेका कार्यक्रमको प्रस्तावन आवश्यकता र औचित्य हेरी सम्बन्धित वडा तोकिएको हकमा वडा कार्यालयको सिफारिस लिई कार्यक्रम सञ्चालन गर्ने अनुमति प्रदान गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२३. यस पाँचखाल नगरको गौरवको आयोजना सुनकोशी पाँचखाल खानेपानी आयोजनाको पहुँचमार्ग पाँचखाल नगरपालिकाले निर्माण गर्नुपर्ने भनी आयोजनाको सम्झौतामा उल्लेख भए बमोजिम यस पाँचखाल नगरपालिकाको मिति २०७६ माघ १७ गतेको छैटौं नगरसभाबाट निर्णय भई विनियोजन भएको रु एक करोडको बजेटबाट पहुँच मार्ग निर्माण प्रकृया सुरु भएकोमा नगरको गौरवको आयोजना समयमै सम्पन्न गर्न तत्काल पहुँच मार्ग निर्माण गरी खानेपानी आयोजना सम्झौता गर्ने ठेकेदारलाई काम सुरु गर्न र सोही आर्थिक वर्षभित्र अर्थात असार मसान्त भित्र उक्त पहुँच मार्ग निर्माण नगरेमा नगरपालिकाको बजेट फ्रिज हुने भएकाले तत्काल काम गर्नुपर्ने अवस्था भएकाले नगरपालिकाले सम्बन्धित वडाका वडाध्यक्ष मार्फत वन समितिलाई पहुँच मार्गमा पर्ने रुख हटाउन अनुरोध गरिएकोमा वन समितिले रुख कटान गरेर फिल्ड क्लियर भए पश्चात काम सुरु गरिएकोले सो विषयमा सहजीकरणका लागि डिभिजन वन कार्यालय महादेवस्थानसँग समन्वय गर्ने निर्णय गरियो ।

२४. वडा नं ६ को कार्यालयबाट निर्णय भएर आए बमोजिम यस नगरपालिका क्षेत्रको सार्वजनिक जग्गा संरक्षणका लागि पाँचखाल नगरपालिका कार्यालयले तयार पारेको भू उपयोग योजनाको मस्यौदालाई पूर्णता दिन चालु आर्थिक वर्षमा विनियोजन भएको भुउपयोग योजनालाई पूर्णता दिने कार्यक्रम तत्काल अगाडि बढाउने निर्णय गरियो । भू-

उपयोग योजनाका आधारमा नगर क्षेत्रमा रहेका सार्वजनिक लगायत सम्पूर्ण जग्गाको संरक्षण एवं उपयोगका लागि अल्पकालीन एवं दीर्घकालीन योजना तर्जुमा गरि अगाडी बढाउने निर्णय गरियो ।